सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक

# सोलु समाचार

सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

सोलुखुम्बु सदरमुकाम सल्लेरीमा
फ्रेन्डशीप सेकुवा कर्नर घर
तपाई पनि आउनुहोस् है !
जिल्ला विकास समितिको कार्यालय नजिकै
सम्पर्क : ०३८ - ५२०४३९

वर्ष ५, अङ्क २२, सोलुखुम्बु | २०६८ भाद्र २२ गते शुक्रबार | Sep 9, 2011 | मूल्य १० रुपैयाँ | http://solufm.wordpress.com

## हत्यामा संलग्नहरूमाथि अनुसन्धान चल्दै

*सल्लेरी । सोलु समाचार*

जुवु ४ का रुद्र बहादुर राईलाई कुटपिट गरी हत्या गर्ने ६ जनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरु गरेको छ। ति युवाहरुले गत शुक्रबार राती साढे १२ बजे जुबु १ की एक महिलासँग सुतिरहेको अवस्थामा रुद्रलाई कुटपिट गरी हत्या गरेका थिए । पक्राउ पर्ने युवाहरुमा सुवास तामाङ, बाबुराम राई, बिष्णु गुरुङ, बिक्रम तामाङ, सुर्यकुमार राई र सुमन राई रहेकाछन् । उनीहरुले रुद्रलाई लाठी मुङ्ग्रोले कुटपिट गरेको प्रहरीले जनाएको छ । कुटपिटमा सम्लग्न बाबुराम रुद्रका र सुवास तामाङ रामकुमारी तामाङका छोरा हुन् ।

३९ बर्षिय मृतक रुद्र बहादुर राईको ति महिलासँग अनौतिक सम्बन्ध रहेको

.... ***बाँकी पृष्ठ नं. ५***



सोलुखुम्बु,भोजपुर र संखुवासभाको सिमानामा पर्ने साल्पा पोखरी : फोटो/बिकास श्रेष्ठ

# जाँगरिला लामा

**मनोजकुमार श्रेष्ठ/सोलु समाचार साप्ताहिक**

एउटा कर्मचारीले के के गर्लान् ? "दश-पाँचको जागिर खालान्, जनताको काम गर्लान्, जनतालाई ठग्लान्, महल बनाउँलान्, भ्रष्टचार गर्लान्" जवाफका रुपमा यी र यस्तै शब्दहरु छरपष्ट रुपमा



आउन सक्छन् । तर एक जना जागिरे डुल्तेम्बा लामाको जीवनलाई नियाल्ने हो भने फरक जवाफ पाउन सकिन्छ । **डुल्तेम्बा** नामवाट कमैले चिन्छन् उनलाई । सबैले चिन्ने नाम हो आर ए लामा [RA Lama]। पहिलेको Royal Nepal Airlines र अहिलेको Nepal Airlines । त्यही एयरलाइन्समा काम गरेकै कारण उनी आर ए लामा भए । समयले रोयल नेपाल एयरलाइन्सलाई नेपाल एयरलाइन्स बनायो। तर आर ए लामाको परिचयमा खास फरक आएन । भन्न त कतिले उनलाई एन ए लामा पनि भन्छन्, तर त्यो संख्या नगन्य छ ।

हुनपनि एयरलाइन्सको काम त्यती गाह्रो पनि छैन अनि सजिलो पनि छैन । विगत ३२ बर्षदेखि नेपाल एयरलाइन्सको काम राम्ररी नै भ्याइरहेकाछन् उनले । एयरलाइन्सको जागिर बाहेक पक्का

.... ***बाँकी पृष्ठ नं. ७***

# माओबादी सोलुमा विवाद

जिल्ला इन्चार्जको बिषयलाई लिएर एकिकृत नेकपा माओबादी सोलुखुम्बु भित्र विवाद देखिएको छ । एकिकृत माओवादी किरात राज्य समितिको भदौ ९ गतेको बैठकले मातहतका जिल्लाहरुमा जिम्मेवारी हेरफेर गर्ने क्रममा सोलुखुम्बुको जिम्मेवारी गोम्बु शेर्पा "कर्ज्याङ" लाई दिए पछि माओवादी सोलुखुम्बु भित्र विवाद शुरु भएको हो ।

कर्ज्याङलाई इन्चार्जको जिम्मेवारी दिए पछि सोलुखुम्बु माओवादीमा सक्रिय नेता कार्यकर्ताले किरात राज्य समितिका इन्चार्जलाई ज्ञापन पत्र पठाउँदै निर्णयको बिरोध गरेका हुन्। ज्ञापन पत्रमा किरात राज्य कार्यालयको नाममा बसेको भनिएको चार जनाको बैठकले किरात राज्य कमिटीको सचिवालयको बैठकका निर्णयहरुको बिरुद्धमा कथित नयाँ संगठनात्मक निर्णय गरी सर्कुलर जारी गरिएको भन्दै सो सर्कुलरलाई मान्न नसकिने बताइएको छ। उक्त निर्णयलाई कालो कुनामा बसेर गरिएको निर्णयको समेत सज्ञा ज्ञापन पत्रमा दिइएको छ।

पार्टीको संगठनात्मक पद्दती, प्रक्रिया र जनवादी अधिनायकत्वका विरुद्ध निर्णय गरिएको भन्दै पार्टी हेड क्वाटर, पूर्वी व्यूरो कार्यालय र किरात राज्य कार्यालयवाट तत्काल सच्याई जनवादी अधिनायकत्वका आधारमा लेनिनवादी संगठनात्मक पद्दती लागू गर्न माग गरिएको छ। ज्ञापन पत्रमा किरात राज्य सचिवालयको निर्णय यथावत् राख्न, जातिवादी साम्प्रदायिक चेतनाको पूर्वाग्रहपूर्ण निर्णय खारेज गर्न समेत माग गरिएको छ ।

ज्ञापन पत्रमा माओवादी केन्द्रिय सल्लाहकार गोपाल गिरी, सोलुखुम्बुका कार्यवाहक इन्चार्ज राजेन्द्र, वाइ सि एल संयोजक घनश्यामका साथमा किरात राज्य समितिका सदस्यहरु उत्तमकुमार, करुणा, प्रज्वल, ध्रुव र सचिवालय सदस्य महेश किरातीको हस्ताक्षर रहेको छ । सोलुखुम्बुको जिम्मेवारी पाएका कर्ज्याङले भने जिम्मेवारी हेरफेर किरात राज्य समितिको पूर्ण कमिटीको बैठकवाट पार्टीको विधीसम्मत् भएको दाबी गरे । उनले बिरोधका बारेमा आफूलाई थाहा नभएको समेत बताए ।

किरात राज्य समितिको बैठकले खोटाङ इन्चार्जमा रामकुमार राई पासाङ,

.... ***बाँकी पृष्ठ नं. ५***

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## गाबिस परिषद अन्तिम चरणमा

### गार्मा गाविस

विद्युत र शिक्षालाई विशेष जोड दिँदै गार्मा गाविसको २० औं गाउँ परिषद सम्पन भएको छ । गाविस सचिव चित्र कुमार राईको अध्यक्षतामा गाविसको कार्यालय गार्मामा शुक्रबार भएको सो परिषदले शिक्षातर्फ शिक्षा ५ लाख ८२ हजार र विद्युततर्फ २ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छ ।

परिषदले सामुदायिक भवन निमार्णको लागि ५ लाख रुपैयाँ छुट्ाएको छ भने स्वास्थ्यतर्फ १ लाख, कृषिमा ९५ हजार, खानेपानीका लागि ५० हजार रुपैयाँ विनियोजन गरेको छ । परिषदले समपुरक कोषमा ५० हजार तथा महिला, जनजाती, दलित र अपाङगता भएका व्यक्तिहरुको लागी १ लाख ८५ हजार रुपैयाँ छुट्ाएको छ । गाविसको कुल बजेट २१ लाख ५० हजारमध्ये पुँजीगतर्फ १७ लाख ३० हजार र चालुतर्फ ४ लाख २० हजार रुपैयाँ छुट्ाएको सचिव राईले जानकारी दिए ।

### नाम्चे गाविस

नाम्चे गाविस सोलुखुम्बुको २० औं गाउँ परिषद सम्पन्न भएको छ । गत बिहिबार सम्पन्न परिषदले यस बर्षको लागि २४ लाख ६९ हजार रुपैयाँ बजेट बाँडफाँड गरेको गाविस सचिव रामकिरण दाहालले जानकारी दिए । दाहालका अनुसार परिषदले चालुतर्फ ३ लाख २० हजार, समाबेसीतर्फ ५ लाख ९० हजार, पूर्वाधार विकासमा १४ लाख ५ हजार ४ सय र क्षमता विकासतर्फ १ लाख ५३ हजार ६ सय रुपैयाँ छुट्याईएको छ ।

### बुङ गाविस

विद्युत र शिक्षालाई जोड दिँदै बुङ गाविसको गाउँ परिषद सम्पन्न भएको छ । सगरमाथा माध्यमिक विद्यालय बुङका प्रधानाध्यापक सुरेन्द्रकुमार बास्तोलाको प्रमुख आतिथ्यमा बसेको सो परिषदले विद्युततर्फ लाख, शिक्षातर्फ ६ लाख ६२ हजार ४ सय रुपैया, स्थायी प्रहरी चौकीका लागि २ लाख, बुङ छेस्काम सडक सर्भेका लागि २ लाख, आयमुलक तथा सीपमुलक कार्यक्रमका लागि ५० हजार रुपैयाँ विनियोजन गरेको गाविस सचिव पुष्पराज राईले जानकारी दिए ।

परिषदले समावेशी शिर्षकतर्फ ५ लाख ६९ हजार ७ सय रुपैयाँ छुट्टाएको छ । गाविसको कुल बजेट २५ लाख ५० हजारमध्ये प्रशासनिक तथा क्षमता विकासका लागी संयुक्त रुपमा ४ लाख २० हजार रुपैयाँ विनियोजन गरेको छ ।

### काँगेल गाविस

प्रमुख अतिथिका बिषयमा विवादित बनेको काँगेल गाविसको २० औ गाउँ परिषद पनि बिहिबार सम्पन्न भएको छ । परिषदले शिक्षामा १० लाख १९ हजार, सडकमा ३ लाख, स्वास्थ्यमा १ लाख ५० हजार र समावेशी शिर्षकमा निर्देशिका अनुसार नै बजेट छुट्टाएको छ । गाविस सचिव निरज फुयालको अध्यक्षतामा सम्पन्न परिषदले विकासतर्फ २० लाख ५० हजार तथा चालुतर्फ ४ लाख २० हजार विनियोजन गरेको गरेको छ । परिषद माओबादीले भने बहिष्कार गरेको थियो ।

### गोली गाविस

जलविद्यतुलाई प्राथमिकता दिदै गोली गाविसको २० औ गाउँ बुधबार परिषद सम्पन्न भएको छ । गाविस सचिव प्रसन्नध्वज कार्कीको अध्यक्षतामा बसेको सो परिषदले गाविसको कुल रकममध्ये ९५ प्रतिशत रकम जलविद्युतमा विनियोजन गरेको छ । परिषदले महिला, दलित, आदिवासी जनजाती र अपाङता भएका व्यक्तिहरुको रकम समेत उनीहरुको सहमतीमा जलविद्युतमा छुट्टाएको हो । जलविद्युतका लागि यस अघि नै गोली ४ मा रहेको कुपाङमैली खोलाबाट १ सय किलावाट क्षमताको विद्युत उत्पादनको लागि प्रारम्भिक सर्भे समेत भईरहेको छ । परिषदले जलविद्युतको बाँकी कामको जिम्मा गोलीका समाजसेवी कल्जाङ शेर्पालाई प्रदान गरेको छ । यस्तै परिषदले गोली गाविसको बडा नम्बर १ देखि ५ भित्र रहेका तामाङ बस्ती बाहेकका क्षेत्रमा जाडरक्सी निशेधित क्षेत्र घोषणा गर्ने निणर्य गरेको छ ।

### चौलाखर्क

शिक्षा, स्वास्थ्य, जलविद्युत, सडक र खानेपानीलाई जोड दिदै चौलाखर्क गाविसको २० औं गाउ परिषद सम्पन्न भएको छ । गाविस सचिव विनोद बस्नेतको अध्यक्षतामा बसेको सो परिषदले जलविद्युत ६ लाख, सडकतर्फ ३ लाख, नागरिक सचेतना केन्द्रका लागि १ लाख, स्वास्थ्य चौकीका लागि १ लाख ५० हजार, महिला, जनजाती, दलित र अपाङता भएका व्यक्तिहरुका लागि निर्देसिका बमोजिम ५ लाख २० हजार रुपैयाँ विनियोजन गरेको छ । परिषदले चौलाखर्क गाविसलाई समेत जाडरक्सी निशेषधित क्षेत्र बनाउने सर्वदलीय, सर्वपक्षिय निणर्य गरेको छ ।

## रेडक्रसले स्थापना दिवस मनायो

*सल्लेरी । सोलु समाचार*

नेपाल रेडक्रस सोसाईटीको ४९ औं स्थापना दिवसको अवसरमा जिल्ला शाखा सोलुखुम्बुले आयोजना गरेको निमावि स्तरीय हाजिरीजवाफ प्रतियोगितामा जन जागृति निम्न माध्यमिक विद्यालय सल्लेरी “क” र “ख” क्रमशः प्रथम र द्वितीय भएकाछन् ।



प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान ओगट्न सफल विद्यालयलाई सोमबार सल्लेरीमा आयोजित कार्यक्रममा नगद १ हजार ५ सय, १ हजार र ५ सय रुपैयाँ प्रदान गरिएको थियो । प्रतियोगीतामा सदरमुकामभित्र रहेका दुधकुण्ड हिमालयन निमावि फाप्लु, जजानिमावि सल्लेरी र जनजागृति उच्च मावि सल्लेरीको सहभागिता रहेको थियो ।

रेडक्रस स्थापना दिवसका अवसरमा विभिन्न क्षेत्रका व्यक्तिहरु सहभागी भएको र्‍यालीले बजार परिक्रमा गरेको थियो । र्‍याली पछि जिल्ला विकास समिक्षालयमा भएको कार्यक्रममा रेडक्रस सोलुखुम्बुले गरेको कार्यको वक्ताहरुले सह्राना गरेका थिए ।

## बुद्ध माविलाई जग्गा

*उद्दक बस्नेत । सोलु समाचार*

बुद्ध मावि गोलीको दक्षिणतर्फ विद्यालयसँग जोडिएको जग्गा लामो समयको प्रयासपछि विद्यालयले प्राप्त गरेको छ । गोली ७ की आङ ल्हमु शेर्पाको नाममा दर्ता भएको झण्डै ४ रोपनी जग्गा विद्यालयको नाममा ल्याउन यस अघि थुप्रै प्रयास गरिए पनि सफल हुन सकेको थिएन ।

गोलीका समाजसेवी कल्जाङ शेर्पाको प्रयासबाट सो जग्गा ३ लाख ५० हजार मुल्य कायम गरी विद्यालयले प्राप्त गरेको हो । उचित जग्गाको अभावमा विद्यालयको भौतिक पुर्वधार निमार्ण गर्न अप्ठ्यारो परेको अभिभावक र विद्यार्थीहरुबाट गुनासो आईरहेको बेलामा समाजसेवी शेर्पाको सहयोगमा जग्गा विद्यालयको नाममा आएपछि शेर्पालाई अभिभावक भेलाको आयोजना गरी अभिनन्दन समेत गरिएको छ ।

हरेक शुक्रबार
सामुदायिक रेडियो सोलु एफ.एम.द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका



सोताङ्ग ६ का काल्देन शेर्पाको घरमा आगलागी हुदाँ करिब ६० लाख बराबरको क्षति भएको छ । राती २ बजे अचानक भएको आगलागीमा परी शेर्पाको सम्पुर्ण सम्पत्ति जलेर नष्ट भएको छ : फोटो/बिकास श्रेष्ठ

ईमानदार मानिस ईश्वरको सर्वोत्कृष्ट कृति हो - महाभारत

## सम्पादकीय

### निरन्तरता देउ

एकीकृत माओवादीका नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएपछि शुरुका केही दिनका केही फरक आएको छ । नेपाली जनताले अत्यन्तै ठूलो आशा गरेका व्यक्तिका रुपमा रहेका भट्टराईको मन्त्रीमण्डलको पहिलो बिस्तार अपेक्षाकृत सहज नभए पनि केही आशा भने नेपाली जनतामा जगाएको छ। माओवादी हतियारवाट अलग हुनै सक्तैन भन्ने धेरैको दाबीलाई निस्तेज पार्नकै लागि भए पनि उसले कन्टेनरको साँचे बिशेष समितिमा बुझाएर सांकेतिक रुपमा नै भए पनि सकारात्मक सन्देश दिएको छ। यद्यपि माओवादी भित्र यसले विवादको चरम रुप भने नलिएको होइन।

यति मात्रै नभएर निकै लामो समयपछि संविधान निर्माणका बिषयमा पनि छलफल प्रारम्भ भएको छ। अघिल्लो पटक थपिएको संविधान सभाको तीन महिनाको अवधि व्यर्थैमा बितेको अवस्थामा भट्टराई प्रधानमन्त्री हुनासाथ थपिएको तीन महिनामा संविधान निर्माणमा सकारात्मक प्रगति हुने आशा गर्न सकिन्छ । जसको उदाहरणस्वरुप राज्यको पुनर्संरचना, शासकीय स्वरुप, निर्वाचन प्रणाली लगायत्का विवादित बिषयमा सहमतिको लागि दलहरुबीच प्रयास शुरु भएको छ। राज्य पुनर्संरचना आयोग गठनको अडानमा ढलमल नगरी बसेको नेपाली कांग्रेस पनि पछिल्लो समयमा केही लचिलो देखिएको छ। दलहरुबीच राज्य पुनर्संरचनाको सवालमा विज्ञहरुको टोली बनाउने बिषयमा देखिएको लचिलोपनलाई सकारात्मक मान्न सकिन्छ।

अन्तरिम संविधानमा राज्य पुनर्संरचना आयोग गठन गर्ने प्राबधान रहे पनि हालसम्म उक्त आयोग गठन नभएको अवस्थामा उक्त आयोग नै गठन गरेर अघि बढ्ने हो भने थपिएको तीन महिनाको समय आयोग गठनमा नै सिमित हुन सक्ने खतरावाट मुक्त हुन विज्ञहरुको टोली उपयुक्त हुने धेरैको मत छ।

कन्टेनरको साँचो बुझाउने माओवादी निर्णय होस् वा संविधानका विवादित बिषयमा छलफल होस्, भट्टराई प्रधानमन्त्री हुनासाथ अघि बढेका सकारात्मक पक्ष हुन् यि । यसर्थ, यस्ता सकारात्मक कार्यलाई निरन्तरता दिँदै दलहरु अघि बढ्नुको बिकल्प छैन । जसको नेतृत्व स्वार्थरहित तवरवाट प्रधानमन्त्री भट्टराईले गर्नुपर्छ । विवादित बिषयमा छलफल अघि बढ्नु नै सबै थोक होइन तर यो सकारात्मक शुरुवात् भने पक्कै हो । यसै गरी अन्य निर्वाचन प्रणाली, राज्यको शासकीय स्वरुप लगायत्का संविधान निर्माणका विवादित बिषयहरुमा पनि सहमति अघि बढाउनु जरुरी छ । सहमति र सहमतिको प्रयासलाई महत्वकासाथ निरन्तरता दिइनु भने जरुरी छ । संविधान निर्माणसँगसँगै प्रधानमन्त्रीले उद्घोष गरेको भ्रष्टाचारमा शुन्य सहनशीलतालाई व्यवहारमा उतार्न सके जनतामा अझ आशाको दियो बल्ने र राजनीति र नेताहरुप्रतिको बितृष्णामा समेत कमी आउने थियो ।

सोलु एफएमका लागि
अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित
सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका
जि.प्र.का. द.नं. १ "क"/०६३
वर्ष ५, अङ्क २२
२०६८ भाद्र २२ गते शुक्रबार

**सल्लाहकार**
- हरिनारायण राजभण्डारी
- नारायणकुमार श्रेष्ठ

**कानुनी सल्लाहकार**
- राजकुमार श्रेष्ठ

**सम्पादक**
- डिमा पाखिन तामाङ

**सह सम्पादक**
- मनोजकुमार श्रेष्ठ

**सहायक सम्पादक**
- नुतन श्रेष्ठ

**बजार व्यवस्थापक**
- दीपक राजभण्डारी

**मुख्य सम्वाददाता**
- भोजेन्द्र बस्नेत
- सुजता तामाङ

**भाषा सम्पादक**
- लोचनकुमार शर्मा

**काठमाडौं सहयोगी**
- सुदीप शाक्य

***प्रकाशक***
सोलु एफ.एम.

**पत्राचारको लागि ठेगाना :**
सोलु समाचार साप्ताहिक
सल्लेरी - ७, सोलुखुम्बु
फोन/फ्याक्स : ०३८ - ५२०२८१
email : soluweekly@gmail.com
मुद्रण : ज्वालामाई अफसेट प्रेस
सल्लेरी, सोलुखुम्बु

सोलु समाचार साप्ताहिक
नियमित रुपमा प्राप्त गर्न सम्पर्क
सुदिप : ९८४१३८९४१७ (काठमाण्डौ)
उमेश : ९८४२८६८९५१ (सोलुखुम्बु)
०३८ - ५२०२८१

**चौतारी - - -**

# निकासको पानी चाँहिदैन



गोपाल किराँती
पूर्ब मन्त्री तथा सभाषद

एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराई नेतृत्वको सरकार एक अर्थमा गोर्खाली शासन स्मरण गराउने ढंगको भएको छ । एउटै पार्टी र एउटै जिल्लाका प्रधानमन्त्री र उपप्रधानमन्त्री हुनु गोर्खा जिल्लाका निम्ति गौरवको बिषय भए पनि खासगरी पूर्व र हिमाली क्षेत्रका निम्ति यो केको बिषय होला ! व्याख्या गरिरहनु पर्दैन । इतिहासमा गोर्खाली राजा पृथ्वीनारायण शाहले वर्तमान नेपाल सरहदका सार्वभौमसत्ता सम्पन्न दर्जनौं जातिका राज्य खोसेर सामन्ती केन्द्रीकरण गरेका थिए । त्यसको मुख्य मार ताम्सालिङपूर्व र हिमाली क्षेत्रका साथै मधेशमा विद्यमान रहेको छ । यद्यपि डा. बाबुराम सरकारमा मधेशी मूलको दुईतिहाई उपस्थिति छ । फेरि पनि यो नै मधेशी जनताको मुक्ति भने हुन सक्दैन ।

**पहिलो चरणको मन्त्रिमण्डल बिस्तार मा पठाइएन, अहिले दोश्रो चरणमा पठाउने कुरा गरिएको छ । माओवादीको प्रतिनिधित्व हेर्दा आम जनताले दोश्रो दर्जाकै देख्ने निश्चित छ ।**

हामी सहरिया आनदोलनमा आएपछि तत्कालीन अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकार वठन हुँदा हामीलाई त्यसमा पठाउने कुरा भएको थियो । मैले चुनाबमा जाने हो भने सरकार त के, बिधायक पदमा पनि मलाई नपठाइयोस् भनेर केन्द्रीय समिति बैठकमा भनेको थिएँ । त्यसपछि सहयोद्धा पदमबहादुर राई बिधायक बन्नुभयो । सुदुरपूर्ववाट भक्तराज कन्दङ्वा छुट्नुभयो । माओवादी सम्मिलित अन्तरिम सरकार गठन हुँदा राज्यमन्त्रीमा पदम राईको नाम आयो। विराटनगरवाट मैले नै सल्लाह मागेर पदम राई युवा हुनुहुन्छ, पछि पनि मौका आउँछ । त्यसैले भक्तराज कमरेडलाई यो राज्यमन्त्री बनाउनु बिशेष अनुरोध गरियो । दुर्भाग्य, त्यसपछि राजनीतिक स्थिति सहज रहेन । भक्तराजको निधन भयो र पदम राई राज्यमन्त्री बन्नुभयो ।

संविधान सभा निर्वाचन सम्पन्न भयो । हाम्रै इन्चार्जसिपमा किराँत राज्यको १२ मध्ये १० स्थानमा विजय हासिल गरियो । मुस्किलले प्रचण्ड नेतृत्वको सरकार बन्यो । त्यस सरकारमा पनि नेताको दिमागमा पूर्व र हिमाली क्षेत्र परेको थिएन । बरिष्ठ नेता शीतलकुमारको प्रयन्तले मात्र हामीलाई त्यहाँ सामेल गराइएको रहेछ भन्ने कुरा पछि थाहा भयो । झलनाथ सरकारका बेला पार्टी नेतृत्वले सल्लाह माग्दा हामी पहिले पनि मन्त्री भइसकेको, गुटबन्दीको स्थितिले समस्या गम्भिर बनेको आदि कारणवाट बरु यसपटक पूर्ववाट महत्वपूर्ण विभागको राज्यमन्त्री बनाइयोस्, हामीलाई परेन भनियो । त्यसपछि गृहराज्यमन्त्रीमा रामकुमार राईको नाम सिफारिस भयो । तर शुरुमा ठूलो लर्को देखिन्छ भन्दै उहाँलाई देश्रो चरणमा पठाउने भनियो । त्यसपछि एक पक्षको अवरोधले रामकुमारको शपथ हुन सकेन । अन्तिम स्थितिमा त कसैलाई भन्ने ठाउँ नै रहेन ।

यसपटक डा. बाबुरामको सरकारमा हामीलाइए पठाउने भनियो, नेताहरुले मिडियामा नाम पनि खुबै प्रचार गरे । मानसिक तयारी गर्न र फलाना मन्त्रालयको योजना बनाउन पनि भनियो । परन्तु, पहिलो चरणको मन्त्रिमण्डल बिस्तारमा पठाइएन, अहिले दोश्रो चरणमा पठाउने कुरा गरिएको छ । माओवादीको प्रतिनिधित्व हेर्दा आम जनताले दोश्रो दर्जाकै देख्ने निश्चित छ । अतः पूर्वेली र हिमाली जनताको

.... ***बाँकी पृष्ठ नं. ६***

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# भेडाको संख्या घट्दै छ



**काजुयुकी वातानामे**
**जापानी नागरिक**

**काजुयुकी वातानामे** (४२) जापानी नागरिक हुन् । जापानी नागरिक भए पनि उनले सोलुखुम्बु र रुम्जाटारको भेडा गोठका बारेमा अध्ययन अनुसन्धान गरी विद्यावारिधी गरेकाछन् । नियमित रुपमा नेपाल र सोलुखुम्बु आइरहने वातानामे भेडा र भेडा पाल्नेलाई असाध्यै माया गर्ने गर्छन् । भेडा पाल्न गाह्रो भएको र भेडाको संख्या घट्दै गएकोमा चिन्तित रहेका उनलाई सरकारले भेडा पाल्नेहरुलाई केही सुविधा दिए हुन्थ्यो भन्ने लागेको छ । अनि भेडा पाल्नेहरुलाई धेरैले नराम्रो मान्ने गरेको पनि उनलाई नराम्रो लागेको छ । वातानामेसँग सोलु समाचार साप्ताहिकका लागि मनोज श्रेष्ठले गरेको कुराकानीको मुख्य अंश :

**वातानामे कोनिचिवा (नमस्कार)**

केनिचिवा

**पहिलो पटक १९९३ मा सोलुखुम्बु सदरमुकाम सल्लेरी आउँदा र अहिले फेरि सोलुखुम्बु आउँदा पटक नेपाल आउँदा कस्तो लाग्यो ?**

पहिला एकदमै रमाइलो लागेको थियो । गाउँ हेर्दा नै साह्रै आनन्द आउथ्यो । वरिपरी हरियाली, वन जंगल, सामान्य जीवन कस्तो राम्रो थियो । अहिले धेरै फरक भएको छ । ठूला ठूला महल जस्तै धेरै घरहरु नयाँ बनेका छन् । अहिले सल्लेरी, नयाँ बजार र दोर्पू बजार जोडिएको जस्तै भएछ । त्यतीखेर त्यस्तो थिएन । तर पहिले भन्दा अहिले अली अली फोहोर चाहि बढेको हो की जस्तो लाग्यो । १९९३ मा मैले दोर्पू बजारमा बसेर अनुसन्धान गरेको थिएँ । योङ्ग स्टार क्लबले गरेको सामाजिक काम देखेर मलाई असाध्यै खुशी लागेको छ । क्लबले गर्ने काम चाहि अहिले पनि उस्तै रहेछ, खुशी लाग्यो ।

**अरु पनि केही फरक पाउनु भयो, पहिला र अहिलेमा ?**

> **छैन, एकदमै गाह्रो छ । कहिले पानी पर्छ, कहिले बेस्सरी घाम लाग्छ । जे जे भए पनि आखिर भेडा चराउनै पर्छ । उनीहरूले दुख गर्नै पर्छ ।**

छ धेरै फरक छ । पहिला मैले भेटेको मान्छेहरु अहिले गाउँमा छैन । जुनबेसी, फाप्लुतिर पनि पहिले भेटेको मान्छेहरु अहिले कहाँ पुगे कहाँ । कति त अरब, मलेसिया तिर गयो भन्छन् कतिपय चाहि यतै रहेछन् । दोर्पू बजारमा चाहि पुराना मान्छेहरु अझै रहेछन् । सडकको काम पनि हुँदै रहेछ । गाडी पनि कुद्न थालेछ । खुशी लाग्यो ।

**सोलु-रुम्जाटारको भेडा गोठका बारेमा अध्ययन गर्दा के पाउनु भयो ?**

सन् १९९५ देखि १९९८ सम्म मैले भेडा गोठको अनुसन्धान गरेको हुँ । मैले प्रकृति र वातावरणलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा चासो लागेर भेडा गोठको अध्ययन गरेको हुँ । भेडा गोठको मान्छेहरु र भेडाहरु हिउँद महिनामा उदयपुरसम्म जान्छन् भने बर्षा याममा लेकतिर अथवा सोलुतिर आउँछन् । मेरो बिषय पनि समाज शास्त्र हो । भेडा गोठको कुरा गर्ने हो भने पहिले भन्दा अहिले धेरै फरक आएको छ । पहिले भन्दा अहिले भेडाको संख्या घटेको छ । पहिले १९९८ मा गन्ती गरेको भेडागोठमा रुम्जाटारको भेडा गोठ समेत मिलाउँदा ४ हजार भन्दा बढी भेडाहरु थियो । तर पछि २००५ मा गन्ती गरेको बेलामा ३ हजार ५ सय जति मात्र पाइयो । अहिले त ३ हजार भन्दा कम छ जस्तो लाग्छ । भेडा घट्नु राम्रो होइन ।

**किन घटेको हो त भेडाको संख्या ?**

मैले अध्ययन अनुसन्धान गरे अनुसार भेडा गोठमा काम गर्नेहरु धेरै जना बाहिर देशमा गएकाछन् । धेरै जना अरब, मलेसिया तिर गएकाछन् । काम गर्न सक्ने, कुद्न सक्ने केटाहरु बाहिर गए पछि गोठाला पाइदैन । अहिले भेडा गोठमा बुढा मान्छेहरु मात्रै काम गर्छन् । भेडा गोठालाका छोराहरु पनि बिदेशमा गएर काम गर्छन् । बिदेश गएर आएकाहरु भेडा गोठमा काम गर्न चाहँदैनन् । नयाँ नयाँ ल्याइएका भेडा गोठालाहरु पनि केही महिना काम गरेर त्यसै भाग्छन्, छाड्छन् । मेरो विचारमा भेडा गोठमा काम गर्ने मान्छेहरु नै नभएर भेडाहरुको संख्या घटेको हो ।

**भेडा पालेर फाइदा नभएर अथवा भेडा चराउने ठाउँ नभएर पनि हो ?**

त्यो त होइन होला । खानेकुराको मुल्य जसरी नै भेडाको मुल्य पनि बढी रहेको छ । भेडाको उनको मुल्य पनि बढिरहेको छ । घ्युको मुल्य पनि बढिरहेको छ । तर भेडा गोठमा काम गर्न भन्दा बिदेशमा गएर काम गर्न सजिलो छ र भेडामा काम गरेर गरिने कमाई भन्दा अरु कामको कमाई बढी राम्रो भइरहेको छ । अनि भेडा चराउने ठाउँमा सामुदायिक वनहरुको कारण भेडा चराउँदा पैसा तिर्नु पर्ने रहेछ, पहिला त तिर्नु पर्दैन थियो । त्यसले पनि भेडा पाल्नेहरुलाई समस्या थपेको छ ।

**जलवायु परिवर्तनले पनि भेडा पालनलाई असर गरेको छ ?**

जलवायु परिवर्तन, ग्लोबल वार्मिडले त्यस्तो धेरै असर त गरेको छ जस्तो मलाई लाग्दैन । केही असर चाहि परेकै छ । हिमतालहरु फुट्ने भन्नेमा कतिपय भेडा गोठालाले चिन्ता गरेको मैले पाएकोछु । तर कहिले धेरै पानी पर्ने, कहिले धेरै घाम लाग्ने भएकोले चाहि

> **पहिले १९९८ मा गन्ती गरेको भेडागोठमा रूम्जाटारको भेडा गोठ समेत मिलाउँदा ४ हजार भन्दा बढी भेडाहरू थियो । तर पछि २००५ मा गन्ती गरेको बेलामा ३ हजार ५ सय जति मात्र पाइयो । अहिले त ३ हजार भन्दा कम छ जस्तो लाग्छ । भेडा घट्नु राम्रो होइन ।**

भेडाहरुलाई असर गरेको मैले पाएको छु । पहिले पहिले त पानी पर्ने घाम लाग्ने एउटा सिजन जस्तै हुन्थ्यो । तर आजकल कतिखेर पानी पर्छ अनि कतिखेर घाम लाग्छ केही थाहा हुन्न ।

**सजिलो छ भेडा गोठको काम गर्न ?**

छैन, एकदमै गाह्रो छ । कहिले पानी पर्छ, कहिले बेस्सरी घाम लाग्छ । जे जे भए पनि आखिर भेडा चराउनै पर्छ । उनीहरुले दुख गर्नै पर्छ । पहिले पहिले किसान काम गर्नु भन्दा भेडा गोठवाट पैसा हुन्छ भन्थ्यो । भेडा गोठमा काम गर्दा कतिपयले धेरै सम्पत्ती नकमाए पनि राम्रै खाइरहेकाछन् । कतिपयले जग्गा पनि किनेकाछन् । तर भेडा गोठमा काम गर्नेहरु घटिरहेका छन् । यो सजिलो काम नभएर नै हो । अहिले जतिले पनि काम गरिरहेकाछन्, तिनीहरुमध्ये कतिपयले चाहि भेडाको माया लागेर भेडागोठमा काम गरिरहेकाछन् । एक जना मेरो साथी चाहि घरमा किसान काम गर्‍यो भने

> **यसै कारण भेडा पाल्नेहरूलाई भेडा सम्बन्धी तालिम, भेडालाई लाग्ने रोगहरूका बारेमा तालिम दिनु पर्छ । अनि एकै पटक धेरै भेडा मर्दा पनि सरकारले सहयोग गर्‍यो भने राम्रो हुन्थ्यो अथवा यसका लागि बिमा पनि गर्न सकिन्छ ।**

बानी छैन, मन दुख्छ, जिउ पनि दुख्छ भन्छ । घरमा काम गर्नुभन्दा जंगलमा भेडा चराउनु राम्रो भन्छ ।

**भेडा गोठका बारेमा अरु मान्छेहरु चाहि के भन्छन् नी ?**

त्यो त मान्छे मान्छेमा फरक छ । तर धेरै जनाले भेडा गोठमा धेरै दुख हुन्छ भनेर भन्छन् र भेडा गोठमा काम गर्नेहरुलाई त्यती राम्रो मान्दैनन् । तर जुनबेसी, रुम्जाटारको मान्छेहरु चाहि भेडा गोठमा काम गर्ने मान्छेहरुलाई राम्रो भन्छन् ।

**के गर्दा भेडाको संख्या र भेडा पालकहरुलाई राम्रो हुन्छ ?**

भेडाको संख्या बढाउन त अहिलेलाई धेरै गाह्रो छ । किनकी काम गर्ने मान्छेहरु छैनन् । तर अहिलेको भन्दा भेडाको संख्या नघटाउनलाई चाहि केही काम गर्नु पर्छ । जस्तो भेडाहरु एकै समूहमा बस्ने हुनाले कहिले काही एकै पटक बिरामी भएर धेरै भेडाहरु मर्ने गर्दछन् । यसै कारण भेडा पाल्नेहरुलाई भेडा सम्बन्धी तालिम, भेडालाई लाग्ने रोगहरुका बारेमा तालिम दिनु पर्छ । अनि एकै पटक धेरै भेडा मर्दा पनि

.... **बाँकी पृष्ठ नं. ७**

# तीन महिना भित्र पहिलो मस्यौदा

*काठमाडौं । सोलु समाचार*

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले तीन महिनाभित्र संविधानको पहिलो मस्यौदा ल्याउने प्रतिबद्धता व्यक्त गरेकाछन् । सिन्धुलीमा भएको एक कार्यक्रममा भट्टराईले संविधान सभा मार्फत् अग्रगामी संविधान बनाउनु मुख्य प्राथमिकता रहेको बताउनुभयो । आफ्नो नेतृत्वमा सरकार बनेपछि जनतामा आशा पलाएको भन्दै भट्टराईले सरकारले पाँच कामलाई प्रमुख प्राथमिकता दिएको बताए । शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनु पहिलो काम भएको समेत भट्टराईले बताए ।

आर्थिक अनियमितताका बारेमा कुनै जानकारी भए सिधै प्रधानमन्त्री कार्यालयको उजुरी पेटिका वा टेलिफोन मार्फत् जानकारी गराइदिन समेत प्रधानमन्त्रीले सबैलाई आग्रह गरे । कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री भट्टराई र माओवादी अध्यक्ष दहाल हेलिकप्टर चढेर कार्यक्रम स्थल पुगेका थिए ।

# सल्लेरीमा राष्ट्रिय शिक्षा दिबस

*सल्लेरी । सोलु समाचार*

श्रम सीप र प्रविधियुक्त गुणस्तरीय शिक्षा, विद्यालय शान्ति क्षेत्र नेपालको ईच्छा भन्ने मुल नारा सहित जिल्ला शिक्षा कार्यालय सोलुखुम्बुको आयोजनामा राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस बिहिबार धुमधामका साथ मनाईएको छ ।

जिल्ला विकास समितीको प्राङ्गणमा भएको कार्यक्रममा २०६७ सालको एलएलसी परीक्षामा जिल्ला उत्कृष्ट भएका विद्यार्थीहरुलाई सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको थियो ।

निमित्त स्थानीय विकास अधिकारी तुलाराज सुनुवारको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्लाको शिक्षा क्षेत्रमा महत्वपुर्ण सहयोग पुर्‍याउने शिक्षकहरु हिमाल दर्शन उच्च माविका तिलक बहादुर राई, सिद्धार्थ प्रावि गामार्का प्रेम कुमार राजभण्डारी, हिमगंगा उच्च मावि चौलाखर्कका सत्य नारायण सिंहलाई राष्ट्रिय पुरस्कार २०६७ प्रदान गरियो ।

यस्तै जिल्लाको शिक्षा क्षेत्रमा तालिमको माध्यमबाट शिक्षकहरुलाई दक्ष र अनुभवी बनाउन सहयोग पुर्‍याउने रिड नेपालका भिम बोगटी, जिल्ला शिक्षा कार्यालयका लेखापाल राजु कटुवाललाई पनि कामको प्रशंसा गर्दै मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । कार्यक्रममा कामु प्रमुख जिल्ला अधिकारी कृष्ण पोखरेल, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी, शिक्षक विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

**हत्यामा संलग्न.......**

थाहा भएपछि सम्बन्ध छुटाउन गरेको प्रयासमा राईको मृत्यु भएको कुटपिटमा सम्लग्न युवाहरुले बताएकाछन् । यद्यपि ति युवाहरुलाई रुद्र बहादुर राईकी श्रीमती खड्ग कुमारी राईको उजुरीको आधारमा प्रहरीले पक्राउ गरी अहिले थप अनुसन्धान गरिरहेको प्रहरी नायव उपरिक्षक रमेशकुमार खड्काले जानकारी दिए । रामकुमारी तामाङ भने काखे बच्चा सहित हाल फरार रहेको र खोजी कार्य जारी रहेको समेत प्रहरीले जनाएको छ ।

# समाचार संक्षेप

## राष्ट्रिय

● सर्वोच्च अदालतले नेपाल वायुसेवा निगमका पुर्व अध्यक्ष रामाज्ञाप्रसाद चतुर्वेदीलाई भ्रष्टचारी ठहर गर्दै डेढ बर्ष कैद र बिगो जरिवाना सहित २ करोड ७८ लाख तिर्नुपर्ने फैसला सुनाएको छ ।

● बिमानमा मुसा देखिएपछि हडकडमा जहाज ग्राउण्डेट गर्नुपर्दा नेपाल वायु सेवा निगमलाई दुई दिनमा करिब डेढ करोड घाटा भएको छ ।

● समय बचतका लागि भन्दै प्रधानमन्त्री डा. बाबुराम भट्टराईले सिंहदरबारमा नै खाना खान थालेकाछन् ।

● राज्य पुनर्संरचनाका लागि संवैधानिक अधिकारसहितको विज्ञ टोली गठन गर्न नेपाली कांग्रेस सहमत देखिएको छ ।

● वर्तमान माओवादी पार्टी नेतृत्वले लिएको नीति विद्रोहको भावना विपरित भएको भन्दै माओवादी नेता नेत्र बिक्रम चन्दले गुनासो गरेकाछन् ।

● माओवादी नेता सीपी गजुरेलले प्रधानमन्त्री भट्टराई र अध्यक्ष दाहालले आत्मालोचना गरे वैद्य समुह सरकारमा सहभागी हुने दाबी गरेकाछन् । उनले हतियार राखिएको कन्टेनरको साँचो सेना समायोजन बिशेष समितिलाई बुझाएर गल्ती गर्ने भट्टराई र दहाललाई असोज २ मा बस्ने केन्द्रिय समिति बैठकले कारबाही गर्न सक्ने समेत बताए ।

**माओबादी सोलुमा.......**

भोजपुरमा देवानसिंह राई दिपेश, ओखलढुङ्गामा बालकृष्ण ढुंगेल, उदयपुरमा मोहनबहादुर खत्री र संखुवासभामा राजेन्द्र किरातीलाई इन्चार्जको जिम्मेवारी प्रदान गरेको थियो । त्यसैगरी किरात राज्य समिति अन्तर्गतका २/२ वटा जिल्लालाई समेटेर केन्द्रिय सदस्यहरुको नेतृत्वमा विकास निर्माण अभियान टोली समेत गठन गरेको छ । जसअनुसार सोलु(ओखलढुङ्गा विकास निर्माण अभियान टोलीको संयोजकमा पेशल खतिवडा रहेकाछन् । टोलीको सचिवमा शिवबहादुर बस्नेत राजेन्द्र र सह( इन्चार्जमा रुपक रहेकाछन् ।

# मन्त्रीपरिषद् बिस्तार

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आइतबार मन्त्री परिषद बिस्तार गरेकाछन् । उनले माओवादीका ६ र मधेशी मोर्चाका ७ जनालाई मन्त्रीमा नियुक्त गरेका हुन् । यसअघि उनले आफू प्रधानमन्त्री भएकै दिन उपप्रधान तथा गृहमन्त्रीमा विजयकुमार गच्छदारलाई नियुक्त गरेका थिए । थपिएका मन्त्रीहरुमा नारायणकाजी श्रेष्ठ ( उपप्रधान तथा परराष्ट्र, जयप्रकाश प्रसाद गुप्ता ( सुचना तथा सञ्चार, हृदयेश त्रिपाठी ( भौतिक योजना तथा निर्माण, कानुन तथा न्याय, पोष्टबहादुर बोगटी ( उर्जा, टोपबहादुर रायमाझी ( स्थानीय विकास र राजेन्द्र महतो ( स्वास्थ्य तथा जनसंख्या रहेकाछन् । यसै गरी बर्षमान पुन ( अर्थ, महेन्द्रप्रसाद यादव ( सिंचाई, महिला, बालबालिका तथा समाजकल्याण, प्रभु शाह ( भूमिसुधार तथा व्यवस्था, नन्दनकुमार दत्त ( कृषि तथा सहकारी, कमला रोका ( युवा तथा खेलकुद, मुहम्मद वकिल मुसलमान ( वन तथा भुसंरक्षण र राजलाल यादव रहेकाछन् । आन्तरिक विवादका कारण माओवादीकै वैद्य पक्ष भने सरकारमा गएको छैन ।

## स्थानीय

● अमर ज्योती प्रावि गुदेलको सामाजिक लेखा परिक्षण कार्यक्रम गत बिहिबार सम्पन्न भएको छ । जसअनुसार आर्यतर्फ १३ लाख १२ हजार ४ सय २ रुपैयाँ तथा व्ययतर्फ १० लाख ३४ हजार ६ सय १ रुपैयाँ रहेको छ ।

● सोताङका कुसुम राईलाई न्युजिल्याण्डका नागरिक माईक ग्रेस निकले छात्रवृत्ति स्वरुप २० हजार रुपैयाँ छात्रबृत्ति उपलब्ध गराएकाछन् ।

● गुदेल मावि गुदेलमा सागर नाछिरिङको संयोजकत्वमा ९३ सदस्यीय र जीवन ज्योति उच्च मावि काँगेलमा रोजिना राईको संयोकत्वमा ५१ सदस्यीय, जीवन ज्योति उच्च मावि नेलेमा सुर्य बस्नेतको संयोजकत्वमा १५ सदस्यीय र सगरमाथा मावि बुङमा नविन कुलुङको संयोजकत्वमा ९७ सदस्यीय ईकाई गठन गरेको छ ।

● अखिल क्रान्तिकारीले गुदेल मावि गुदेलमा नरेश रसाईलीको अध्यक्षतामा ६१ सदस्यीय, इन्दिरा कुलुङको संयोजकत्वमा २१ सदस्यीय स्वयम् सेवक विद्यार्थी समिति र बुद्ध मावि गोलीमा अनुरोध खड्काको संयोजकत्वमा ७१ सदस्यीय इकाई गठन गरेको छ ।

● पासाङ ल्हमु सामुदायिक अधयन केन्द्र नेचको आयोजनामा अध्ययन केन्द्र अन्तर्गत गठन भएका महिला समुहका सदस्यहरुका लागि आयआर्जन सम्बन्धी तालिम प्रदान गरिएको छ । तालिममा १० महिला समुहका ९० जना सहभागी भएका थिए ।

● तामाखानी गाविसको बडा नम्बर १, २ र ६ लाई जोड्ने पातलखर्क सामुदायिक बन र महिला प्रगतिशिल समुहको आमभेला शुक्रबार सम्पन्न भएको छ ।

● एकिकृत नेकपा माओवादी गाउँ पार्टी कमिटी चौलाखर्कले गाविस अनुदान अन्तर्गत विकास तर्फको सबै रकम एकमुष्ट जलबिद्युत्मा खर्च गर्न पहल गर्ने निर्णय गरेको छ ।

● पेल्माङ निमावि बुङमा शुक्रबार बुङ श्रोत केन्द्र स्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । निमावि स्तरीय सो हाजिरी जवाफ प्रतियोगितामा सगरमाथा मावि बुङ, छेस्काम मावि छेस्काम र जनसुधार निमाविले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेकाछन् ।

● आलु खेती बिग्रिएपछि गुदेल ९ दिम्बुलमा कृषकहरु चिन्तित बनेका छन । गएको बैशाख महिनामा ४ पटकसम्म परेको असिनाले आलु खेती बिगारेपछि मिहिनेत अनुसारको उत्पादन नभएको भन्दै उनीहरु चिन्तित बनेका हुन ।

● सोलुखुम्बुको केरुङस्थित सिँगानेमा संचालित कागजथला पेल्ट्रिक सेट निर्माण समितिमा देखिएको रकम सम्बनधी विवाद समाधान भएको छ ।

● शक्ति कुलुङको अध्यक्षतामा छेस्काम मामेरकुमा ९ सदस्यीय सामुदायिक विकास समुहको गठन भएको छ ।

● शुक्रबार राती परेको मुसलधारे बर्षाका कारण चौलाखर्क ७ का डम्बर बहादुर बस्नेत र पुण्य बहादुर बस्नेतको घरमा भलपहिरोले क्षति पुर्‍याएको छ ।

● सोलु सगरमाथा सामुदायिक संस्था चौलाखर्क २ ले ठुलोधारादेखि घट्टेखोलाबीचको गोरेटो बाटो मर्मत तथा सरसफाई गरेको छ ।

● सोलखुम्बु सदरमुकाममा लाग्ने साप्ताहिक हाटमा मौसमअनुसार स्याउ, आँप, केरा, सुन्तला लगायत्का फलफुलहरु निकै महंगो भएको गुनासो गरेकाछन् ।

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## आगोका लप्काहरु

**स्नेह सायमी**
**काठमाण्डौ**



परबाट हेर्दा सुन्दर देखिन्छन् आगोका लप्काहरु
छेउमा उभिँदा न्यानो लाग्छन् आगोका लप्काहरु
नजिकबाट स्पर्शको रहर गर्नेहरुलाई
पोल्छन्, डढाउँछन् र खरानी बनाउँछन्
आगोका लप्काहरु

आगोले जङ्गल पनि भन्दैन, घर पनि भन्दैन
जलानु हुने, नहुने कुनै नियम छैन
अरुको मृत्युमा आयु बढाउने
डढाएर कसिङ्गर दनदनी बल्नुपर्ने
नियमित र बाध्यता हो आगोको
अपवित्र जीवनप्रति आगो संवेदनशील हुनै सक्तैन

आगोको प्रेममा म आफै धेरैपटक पोलिएको छु
आगोको मायामा म डढेको छु
अनियन्त्रित कल्पनाहरु, असीमित सपनाहरु
आगोका लप्काहरुमा भष्म भएको देखेको छु
त्यसैले सीमा कोरेर आगो सल्काउनुपर्छ
आगोलाई बल्न ठाउँ छोडिदिनुपर्छ
मनपरी जिस्क्यायौ भने आगोलाई
आगोले पोल्छ, जलाउँछ र खरानी बनाउँछ
आगो चलाउनुअघि आगो चिन्नुपर्दछ
आगो चलाउन सिक्नुपर्छ । पहिलो बलर को हुन् ?

# हिरोईनको ब्रेक फेल

अभिनेत्री ऋचा घिमिरेको महत्वकांक्षी चलचित्र "ब्रेक फेल" को प्रदर्शन शुरु भएको छ। शुक्रबारदेखि प्रदर्शनमा आएको चलचित्र हास्य प्रधान रहेको ऋचाले जानकारी दिइन्। चलचित्र हेरुन्जेल रमाइलो लाग्ने र दर्शकलाई दिक्क नलाग्नेसमेत ऋचाले दाबी गरिन् ।



राजेश हमाल, सुभाष थापा, निरज बरालका साथमा ऋचा घिमिरेले अभिनय गरेको चलचित्र ब्रेक फेलमा एक करोडको लगानी गरिएको दाबी गरिएको छ । यो सबैभन्दा ठूलो लगानीमा बनेको नेपाली चलचित्र भएको पनि निर्माण पक्षले दाबी गरेको छ।

ब्रेक फेलमा दिनेश न्यौपानेको स्क्रिप्ट, राजु बिक्रम थापाको छयांकन, विपिन मल्लको सम्पादन, रेनाशा राईको नृत्य निर्देशन, सत्य(स्वरुप आचार्यको संगीत र सानो कुमारको द्वन्द्व रहेको छ ।

## निकासको पानी........

आत्मस्वाभिमान रक्षाका खातिर पनि शीतलकुमार, टंक लिम्बुलगायत् पूर्वका नेताहरुसित सल्लाह गरी हामीले निकासको पानी नपिउने निर्णय गऱ्यौं। शुभेच्छुक जनसमुदायलाई यही सम्बोधन गर्न यो सामाग्री लेखिएको हो ।

### नेतृत्व विकासको प्रश्न

हामी नौ बर्षअघि तत्कालिन माओवादीमा एकीकृत भयौं । विगतको नेपाली कांग्रेस र नेकपा एमालेहरुले आन्दोलन गर्दै जसरी एक जातीय हैकम नै कायम गरेका थिए, कतै माओवादीवाट पनि त्यस्तै हुने हो कि भन्ने आशंका मौजुद रहे । यसरी जनयुद्धमा नीतिगत समर्थन गर्दै पूर्वमा शसस्त्र आन्दोलन स्वयं सञ्चालन गरियो । क्रमशः माओवादी नै बन्ने बहस चलेपछि हामीले पार्टीको नीति निर्माण तहमा हामीलाई राख्न माग गऱ्यौं। यससम्बन्धी लामो संघर्ष चल्यो। अन्त्यमा हामीलाई पार्टी केन्द्रको पूर्ण सदस्यमा जिम्मेवारी दिएपछि माओवादीमा एकीकृत भयौं। त्यसको एक महिनापछि नै केन्द्रीय समितिमा ४० जना थपिए । त्यसो गर्दा स्थानीय हिसाबले साबित्री काफ्ले, पदम राई, टंक लिम्बु केन्द्रयि समितिमा आउनुभयो। के हामीले नीति निर्माण तहका लागि त्यसरी भिषण संभर्ष नगरिएका भए पूर्वी क्षेत्रको कुनै स्थानीय नेता माओवादी केन्द्रमा आइपुग्न सम्भव थियो होला ?

जानकारी भएअनुसार पूर्वमा अग्नी सापकोटा लामो समय खट्नुभएको थियो । मोहन बैद्य, सीपी गजुरेल, रामबहादुर थापा कमाण्ड इन्चार्ज रहनुभएको थियो । त्यस्तै बर्षमान पुन जनसेनाको पूर्वी कमाण्डर रहनुभएको हो । पश्चिमवाट आउनुभएका धेरै क्रान्तिकारीको समाधिस्थल पूर्वको किराँत, कोचिला र लिम्बुवानमा बन्न पुगेको इतिहास छ । पूर्वेली जनता पश्चिमको भूमिकालाई शीर्ष र मुख्य स्थानमा स्विकार्छन्। परन्तु सहायकसम्म अनिवार्य हुनैपर्ने पूर्वको भूमिकालाई जनताको संघीय गणतन्त्र स्थापनाको आन्दोलनमा शुन्य बनाइन्छ भने त्यसलाई सर्वहारा दृष्टिकोण मान्न जरुरी छैन ।

एकीकृत नेकपा माओवादी निर्माणको ऐतिहासिक प्रक्रिया ताम्सालिङ पश्चिम केन्द्रित बन्न गयो। पूर्वका बामपन्थी युवा तत्कालिन मालेतर्फ नै संगठित भए । यस पृष्ठभूमिवाट एक सय ४८ जनाको केन्द्रिय समितिमा पूर्वका स्थानीय नेता कति पर्छन् ? नीति निर्माण तहमा पूर्व र हिमाली क्षेत्रको यही सीमितताका कारण माओवादी नेतृत्वको दिमाग यसतर्फ शुन्य बनेको त होइन ? जनताले हामीलाई चर्को प्रश्न गर्छन् ( मलाई पद र प्रतिष्ठा चहिँदैन । यो आदर्श एकात्मक सामन्ती नेपालमा त ठीक होला, तर जनवर्गको नेतृत्व गर्दै राज्य व्यवस्थामा क्रान्तिकारी रुपान्तरण गर्ने हो भने जनताले आफ्नो वर्ग, समुदाय र क्षेत्रको नेता खोज्नैपर्छ । यसका अतिरिक्त मुखले पद चाहिँदैन भन्ने अनि त्यही पदका निम्ति रातारात गुटबन्दी गर्ने माओवादीमा बढेको लोभीपापी, अवसरवादी प्रवृत्तिसित हाम्रो सहमति हुँदैन ।

> **सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवादविरुद्ध लड्ने हामीले कठोर दुःख-कष्ट सहेर पनि मुहानको चिसो पानी नै पिउने संकल्प गर्नैपर्छ । कुलो वा खेतको सबभन्दा तल्लो गरामुनि बगेको निकासको गनाउने पानी चाहिँदैन ।**

### मन्त्री पद र जनअपेक्षा

देशको विद्यमान निर्वाचित संस्था संविधान सभा मात्र रहेको स्थितिले जो मन्त्री हुन्छ, नागरिक त्यही ठाउँमा केन्द्रित बन्छन्। पुरानो एकात्मक मानसिकताको कारण मन्त्रीलाई भनेपछि काम फत्ते भईछोड्छ भन्ने एउटा गलत मानसिकता छ। अर्को, मन्त्री बन्ने भारदारी मानसिकताले सबै गर्न सक्छु भनेर नागरिकलाई बेबकुफ बनाउने गर्छ । हाम्रो अनुभवमा राजकीय सत्ताको एकजना प्रतिनिधिको काम राष्ट्रिय नीति निर्माण गर्नु र त्यसको सही कार्यान्वयन भएको छ छैन भनेर अनुगमन गर्नु मात्र हो ।

### शान्ति र जनसंविधान

पार्टी केन्द्रीय समितिले पारित गरेको कार्य योजनाबारे प्रस्ताब र स्थायी समितिले अघि सारेको शान्ति, संविधान र सरकारसम्बन्धी प्रतिबद्धताअनुसार हामी दृढतापूर्वक अघि बढ्नेछौं । अध्यक्ष प्रचण्डको नेतृत्वमा पार्टी अनुशासनमा रहने छौं। तर हामी श्रमशील र सिर्जनशील क्रान्तिकारी निकासको पानी किमार्थ पिउँदैनौं । यति लामो समय शान्ति प्रक्रियामा सहिद परिवार, घाइते बेपत्ता योद्धा एवं पूर्णकालीन कार्यकर्तासम्बन्धी कुनै व्यवस्थापन नहुनु क्रान्तिकारी चरित्र हुन सक्दैन ।

अब त्यसको व्यवस्थापनका निम्ति स्थानीय उपाय खोज्नै पर्छ । सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवादविरुद्ध लड्ने हामीले कठोर दुःख-कष्ट सहेर पनि मुहानको चिसो पानी नै पिउने संकल्प गर्नैपर्छ। कुलो वा खेतको सबभन्दा तल्लो गरामुनि बगेको निकासको गनाउने पानी चाहिँदैन।

नेपाली समाजको वर्गीय, जातीय(क्षेत्रीय तथा लैंगिक उत्पीडन समाप्त गरिएको नयाँ राज्य व्यवस्था निर्माणका खातिर हामी जनयुद्धमा समर्पित भएका हौं । बाह्रबुँदे समझदारी, शान्ति सम्झौता र अन्तरिम संविधान हुँदै माओवादीले त्यही सारत्वको संविधान निर्माण गर्ने प्रतिबद्धता छोडेको छैन र छाड्ने गल्ती पनि गर्नु हुँदैन । माओवादी नेतृत्वको , त्यो पनि जनता र देश दुनियाँले रुचाइएको नेता प्रधानमन्त्री बनिसकिएको स्थितिमा मन्त्रिमण्डल र अनेक राजनीतिक नियुक्तिका झण्झटमा नलागी त्यस सारत्वको संविधान निर्माणमा केन्द्रित हुनु अहिलेको सन्दर्भमा क्रान्तिकारी तरिका हुन्छ ।

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका



## जाँगरिला.......

कृषक पनि हुन् उनी । सानोतिनो जस्तो सुकै भए पनि जागिर खाए पछि पनि कृषि काम गर्नमा धेरैले नाक खुम्च्याउँछन् । तर आर ए लामालाई कहिले त्यस्तो लागेन । "के को नाक खुम्च्याउनु नि, झन् झन् पो जाँगर बढ्दैछ" उनी भन्छन् । वि.सं. २०१३ सालमा दोलखाको जिरीमा जन्मेका लामाले २०३५ सालदेखि एयरलाइन्सको जागिर शुरु गरे । करिब ११ बर्ष जिरी र दुई बर्ष काठमाण्डौमा जागिरे जीवन बिताएका लामा २०४६ साल चैत्र १५ गते फाप्लु आए र अहिलेसम्म रहिरहेकाछन् ।

२०४८ सालतिर फाप्लुमा घरजम गरेका लामाले अहिले पक्का कृषकका रुपमा गाई पालेकाछन्, प्लाष्टिक घर बनाएर तरकारी उत्पादन गरिरहेकाछन् र अन्य खेती पनि गरिरहेकाछन् । हुन पनि चिया खानकै लागि फाप्लु पुग्ने धेरैलाई आर ए लामाको चिया पसलमा तयार हुने चियाले मोहनी लगाएको छ । जतिखेर मन लाग्यो बाल्टिन बोकेर जाने अनि दुध दुहेर चिया पकाउने गज्जब जिन्दगी छ लामाको । सोलुखुम्बु सदरमुकाम क्षेत्रमा अधिकांश होटलमा रातो चिया खानु पर्ने बाध्यता रहेको बेला लामाको जर्सी गाईले फाप्लु बिमानस्थल पुग्ने धेरैलाई राहत दिएको छ । "अहिले दिनमा तीन पटक दुध दुहुन्छु, एक दिनमा २५ कुरुवा भन्दा बढी दुध दिन्छ गाईले" गाई सुम्सुम्याउँदै लामाले भने । गाईवस्तुलाई असाध्यै माया गर्ने लामा फुर्सद हुनासाथ गाईलाई घाँस काट्न निस्किहाल्छन् । गाई पाल्दा उनलाई फाइदै फाइदा छ । बारीमा मल पनि हुने, सबैभन्दा ठूलो कुरो आफ्नामा चिया खान आउनेलाई दुधकै चिया दिन पाइने । "चिया खानैका लागि जिल्लाका सबै गन्यमन्य मेरोमा आउँदा आनन्द लाग्छ" खुशी हुँदै लामाले भने ।

एयरलाइन्सको जागिर कमाई राम्रो त हुने नै भयो । कृषकको रुपमा पनि जागिरको भन्दा नराम्रो कमाई चाहि उनको छैन । पाँच बर्षदेखि घरनजिकै प्लाष्टिक घर बनाएर तरकारी पनि उत्पादन गर्दै आएकाछन् उनले । प्लाष्टिक घरमा उनले गोलभेडा, काक्रा, फर्सी, धनिया लगायत् रोपेका रहेछन् । "यस पटक गोलभेडा चाहि साह्रै राम्रो भयो" रातो रातो गोलभेडा देखाउँदै उनले भने । करिब आधा रोपनी जग्गाको प्लाष्टिक घरको यस बर्षको आम्दानी १५ हजार नाघिसकेको उनले बताए । गत बर्ष त उनले त्यस भन्दा बढीको आम्दानी गरेका रहेकाछन् । फाट्टफुट्ट मौका मिल्दा तालिम पनि लिएका लामालाई प्लाष्टिक घरका बारेमा धेरै कुरा चाहि अनुभवले नै सिकाएको रहेछ ।

प्लाष्टिक घर भित्रको तातोमा बसेर कुरा गरिरहँदा उनले उत्पादन गरेको काक्रा, मुला, आलु, गाजर, साग जस्ता विभिन्न तरकारी काठमाण्डौ पनि पुग्ने गरेको सुनाए । "पाइलटहरुले धेरै लान्छन् आलु, साग, काक्रा । वहाहरु खुशी हुँदा मलाई पनि खुशी लाग्छ" आँखा पुरै छोपिने गरी हाँस्दै लामाले भने । कुरा गरिरहँदा पनि झारपात उखेली रहेका लामाले अरु दुई रोपनी जति जग्गा भाडामा लिएर अलि बृहत् रुपमा तरकारी खेती गर्ने योजना रहेको सुनाए । शरीर र समयले साथ दिए छिट्टै तरकारी खेतीलाई बढाउने बताउने लामाले प्लाष्टिक घरबाट बाहिर निस्कन लाग्दा गर्वका साथ भने "मैले रोपेको तरकारीमा रासायनिक मल प्रयोग गरेको छुईन, पुर्ण रुपमा यो अर्गानिक खेती हो, मैरै गाईको कम्पोष्ट मल मात्रै लगाएकोछु । सबैतिर फाइदै फाइदा । अहिलेकै भाउमा तीन तोला सुन किन्ने पैसामा उनको गाई बिक्ने रहेछ ।

तपाई त पक्का कृषक पनि, कृषक बन्दा एयरलाइन्सको काममा बाधा पुग्दैन ? भनेर सोध्दा जवाफमा व्यंग्य गर्न पनि भ्याए उनले "हाम्रा गाउँ घर तिर विद्यार्थीलाई पढ्न अह्राएर घाँस दाउरा जाने मास्टरहरु त छन्, मैले त त्यसो गरेको छैन ।" जहाजको सबै काम सके पछि मात्रै घरको काम गर्ने बताउने लामालाई कृषि कार्यमा घरपरिवारले पनि राम्रै सहयोग गर्ने गरेका रहेछन् । कहिले काही एयरलाइन्सका यात्रुहरुको गुनासोले दिक्क बन्दा पनि गाई नजिक गएर वा प्लाष्टिक घरभित्र पुगेर लहलहाउँदो तरकारी हेरेर मनलाई शान्त पार्ने गरेका रहेछन् आर ए लामाले ।



आर ए लामाको यो जाँगर हेरेर फर्कदै गर्दा मेरो मनमा अर्को पनि प्रश्न उफ्रिरहेको थियो "यस्तै जाँगर र निस्वार्थ मन रोयल नेपाल एयरलाइन्स उर्फ नेपाल एयरलाइन्सको माथिल्लो तहमा बसेर काम गर्ने कर्मचारी पदाधिकारीसँग पनि भईदिएको भए नेपालको राष्ट्रिय ध्वजावाहक जाहजको हालत यस्तो हुने थिएन ?"

**अन्तर्वार्ता.......**

सरकारले सहयोग गऱ्यो भने राम्रो हुन्थ्यो अथवा यसका लागि बिमा पनि गर्न सकिन्छ । कतिपय भेडा पाल्नेहरु चाहि त्यसरी धेरै भेडा मरेका कारण ऋणमा परेकाछन् । भेडा चराउनका लागि पनि अलि सजिलो व्यवस्था गर्न सक्यो भने राम्रो हुन्थ्यो । भेडाको घ्यु, उन बिक्री गर्नका लागि पनि बजारको व्यवस्था गर्न सकियो भने राम्रो हुन्छ ।

**जापान र नेपालको भेडा पालनमा के फरक छ ?**

धेरै फरक छ । यताको गोठ सार्दा भेडाहरुलाई धेरै दिन हिडाउनु पर्छ । जसले भेडाहरुलाई गाह्रो हुन्छ र बिरामी पनि हुन सक्छ । तर जापानमा गाडीमा लाने ल्याउने काम हुन्छ । जापानमा भेडा पाल्नेहरु त्यती धेरै छैनन् । जतिले पनि पालेकाछन् उनीहरुले तालिम पनि लिएकाछन् र सरकारबाट सुबिधा पनि पाएकाछन् । तर नेपालमा त्यस्तो छैन ।

## सामान्य ज्ञान

**प्रश्न**

१. नेपालको अन्नको भण्डार भनेर कुन जिल्लालाई चिनिन्छ ?
२. २०६८ सालको मदन पुरस्कार कुन साहित्यकारले प्राप्त गरिन् ?
३. स्याबु नाच कुन जनजातिको प्रचलित नाच हो ?
४. टुथब्रसको प्रयोग सन् १४९८ मा कुन देशबाट भएको हो ?
५. अन्तराष्ट्रिय एकदिवसीय क्रिकेटमा तीन ह्याट्रिक गर्ने पहिलो बलर को हुन ?

***उत्तर यतै कतै खोज्नुहोस् ।***

## विचित्र संसार

### कुरुप बनाउनेलाई माफी

इरानमा गत महिना एक छात्राले विश्वलाई छक्क पार्दै तेजाब छर्केर आफूलाई अन्धो बनाउने एक युवकलाई माफी दिएकी छन् । अदालतले उक्त युवकलाई आँखाको सट्टा आँखाको सजाय दिने निश्चित थियो । त्यस अनुसार युवकले दुवै आँखामा पाँच पाँच थोपा तेजाब राखेर आँखाको ज्योति नष्ट गर्नु थियो ।

पीडित छात्रा अमिना बहरामीले अन्तिम क्षणमा आएर माफी दिएकी छन् । बहरामीको भनाइमा खुदाले पवित्र ग्रन्थ कुरानमा अपराधीसँग जस्तोलाई त्यस्तै व्यवहार अर्थात् किसास गर्नुपर्छ भनेकाछन् तर साथमा खुदाले यो पनि भनेका छन्, माफी दिन किसासभन्दा पनि ठूलो हो ।

सन् २००२ मा माजिद ओहवदी नामक एक छात्रले आफूसँगै पढ्ने अमिनासँग विवाहको प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव अस्वीकार गरिएपछि रिसले विवेकहीन भएका मोहवदीले अमिनाको अनुहारमा तेजाब खन्याइदिएका थिए । फलस्वरुप अमिनाको अनुहार नराम्रोसँग जल्नुकासाथै आँखाको ज्योति पनि सधैंका लागि गुमेको थियो । अमिना घटनाको समयमा २४ बर्षकी थिइन् । अदालतले अमिनालाई किसासको अधिकार दिएको थियो ।

## देबी र लेखनाथलाई पुरस्कार

*सल्यान । सोलु समाचार*

विपि संस्कृत माध्यमिक विद्यालय सल्यानमा स्थापना गरिएको स्वर्गिय पण्डित भवनाथ निरौला स्मृति पुरस्कार यस बर्ष विद्यालयका छात्रछात्रा देवि निरौला र लेखनाथ निरौलालाई प्रदान गरिएको छ । विद्यालयबाट २०६७ सालको एसएलसी परिक्षामा उच्च अङ्क प्राप्त गरी उत्तिर्ण भएका दुई विद्यार्थीलाई सो पुरस्कार प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक गुणराज निरौलाले जानकारी दिए । विद्यालयका आयोजित एक समारोहका बीच विद्यालय व्यवस्थापन समितीका अध्यक्ष टेक बहादुर निरौलाले पुरस्कार प्रदान गरेका थिए ।

पुरस्कारको राशी प्रति विद्यार्थी १ हजार रुपैयाँ रहेको छ । सोही अबसरमा विद्यालयका संस्थापक सदस्य कृष्ण प्रसाद गौतमले आफ्नी स्व. माता जयन्ता गौतमको नाममा अक्षयकोष स्थापना गर्ने घोषणा गरेकाछन् ।

***सामान्यज्ञानको उत्तर***

१. झापा, २. झमक घिमिरे, ३. शेर्पा, ४. चीन, ५. लासिथ मालिङ्गा

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# युवा समुह पावैलाई उपाधि

*धनकुमार नाछिरीङ/पावै । सोलु समाचार*

हरितालिका तिजको अवसरमा युवा समुह पावैले आयोजना गरेको वडा स्तरीय पुरुष भलिवल प्रतियोगिताको उपाधि आयोजक टिमले हात पारेको छ । प्रतियोगितामा सोताङ नार्केल युवा समुह द्वितीय र सोताङ मसेदा युवा समुहले तृतीय स्थान प्राप्त गरेकाछन् ।

विजेता टिमका खेलाडीहरुलाई शिल्ड तथा प्रमाणपत्रको साथमा पुरस्कार स्वरुप १ हजार, ५ सय र २ सय ५० रुपैयाँ प्रदान गरिएको छ । खेलमा आयोजक टिमका दुर्गा गुरुङ उत्कृष्ट खेलाडी घोषित भएका थिए । खेलमा ११ टिमको सहभागिता रहेको थियो ।

# निजामति कर्मचारीहरू पुरस्कृत

*सल्लेरी । सोलु समाचार*

काम् प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पोखरेलले जनतालाई छिटो, छरितो र पारदर्शी रुपमा सेवा प्रदान गर्नुपर्नेमा जोड दिएकाछन् । निजामति कर्मचारी संगठन, सोलुखुम्बुले निजामति सेवा दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्दै पोखरेलले




सरकारी काममा ढिलासुस्ती हुने गरेको गुनासो आउने गरेकाले आगामी दिनमा यसलाई सुधारेर जनतालाई प्रभावकारी रुपमा सेवा पुर्‍याउनु पर्नेमा जोड दिए ।

दिवसका अवसरमा "जनतालाई सम्मान र सेवा, सुशासनलाई टेवा" भन्ने नाराका साथ निजामति कर्मचारीहरुको र्‍यालीले सल्लेरी बजार परिक्रमा गरेको थियो । र्‍यालीपछि आयोजित कार्यक्रममा बिभिन्न प्रतियोगिताका विजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा जिल्लामा रहेर उत्कृष्ट काम गरे बापत् ३ जना निजामति कर्मचारीहरुलाई कदर पत्रका साथ सम्मान गरिएको छ । संगठनले उत्कृष्ट कार्य गरे बापत् जिल्ला प्रशासन कार्यालयका खिलाराज आचार्य, जिल्ला कृषि विकास कार्यालय चुँडाबहादुर बस्नेत र फाप्लु अस्पतालका ललित नारायण चौधरीलाई सम्मान गरेको हो । त्यस्तै स्थानीय विकास मन्त्रालयको मुल्यांकन मार्फत् सोलुखुम्बु जिल्लाका ३४ गाविसमध्ये उत्कृष्ट कार्य गरेबापत तामाखानी गाविसका सचिव चक्रबहादुर बस्नेतलाई समेत पुरस्कृत गरिएको थियो । कार्यक्रममा सचिव बस्नेतलाई पुरस्कार स्वरुप १७ हजार ३ सय २५ रुपैयाँको चेक काम् प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पोखरेलले हस्तान्तरण गरेका थिए ।

पारिवारिक वातावरणमा मज्जाले खाना, खाजा खाने की ?
साथी भाइसँग जमघटमा रमाईलो गर्ने ?
गैह्रीधारा चोक, काठमाण्डौमा
खाजा घर
छँदैछ नी ...
आउनुहोस् हैं ........

# हिमालयन शेर्पालाई बाबुछिरी स्मृति भलिबल

*कर्मा ग्याल्जेन शेर्पा/काठमाण्डौ*

विकास, अनुशासन र गतिशिलता भन्ने मुल नाराका साथ हालैसम्पन्न बाबुछिरी स्मृति शेर्पा पुरुष भलिबल



प्रतियोगिता हिमालयन शेर्पा साँस्कृतिक केन्द्रले जितेको छ । विश्व प्रसिद्ध पर्वतारोही बाबुछिरी शेर्पाको स्मृतिमा नेपाल शेर्पा विद्यार्थी मञ्चले आयोजना गरेको प्रतियोगितामा बुद्ध समाज सेवा केन्द्र र मल्टी एड्भेन्चर प्रालि.ले क्रमश: द्वितीय र तृतीय स्थान हात पार्‍यो ।

सात टिम सहभागी भएको प्रतियोगिताका विजेता खेलाडीहरुलाई हिमाल शेर्पा क्लवका अध्यक्ष तथा अखिल नेपाल फुटबल संघका उपाध्यक्ष कर्मा छिरिङ शेर्पाले पुरस्कार, मेडल तथा प्रमाण पत्र प्रदान गरे । प्रथम हुने हिमालयन शेर्पा साँस्कृतिक केन्द्रले शिल्डका साथमा नगद १५ हजार, द्वितीय हुने बुद्ध समाजले शिल्ड र नगद १० हजार र तृतीय हुने मल्टी एड्भेन्चरले शिल्ड र नगद पाँच हजार प्राप्त गरे । चाबहिल गणेस्थानमा भएको प्रतियोगिताको उद्घाटन धर्म गुरु तोलका दुल्कु रिन्पोच्छेले क्ष्योमिन प्रज्वलन गरी उद्घाटन गरेका थिए । नेपाल शेर्पा विद्यार्थी मञ्चका अध्यक्ष देण्डी शेर्पाको सभापतित्वमा भएको कार्यक्रममा भुपु कृषि सहायक मन्त्री आङ छिरिङ लामा, नेपाल शेर्पा महिला संघकी अध्यक्ष आङ डिमी शेर्पा लगायत्का बिशिष्ट अतिथिहरुको उपस्थिति रहेको थियो ।

# पूर्ब सहकारी शिक्षा कार्यक्रम सम्पन्न

*मुक्ली । सोलु समाचार*

सोलुखुम्बुको देउसा, मुक्ली र जुबु गाविसमा पूर्व सहकारी शिक्षा कार्यक्रम सम्पन्न भएको छ । योङ्ग स्टार क्लव सोलुखुम्बु एजु कम्युनिकेसन परियोजनाको आयोजनामा ति सबै



गाविसमा १/१ दिने पूर्व सहकारी शिक्षा कार्यक्रम सम्पन्न भएको सोलु एजु कम्युनिकेसन परियोजनाका व्यवस्थापक दिपक राजभण्डारीले जानकारी दिए ।

राजभण्डारीका अनुसार भदौ १८ गते मुक्लीमा भएको कार्यक्रममा १०२ जना, १९ गते देउसामा भएको कार्यक्रममा २५० जना र २० गते जुबु गाविसमा भएको कार्यक्रममा २१५ जनाको सहभागीता रहेको थियो । कार्यक्रममा ति गाविसमा गठन भएका सामदायिक संस्थाका महिला तथा पुरुष सदस्यहरुको सहभागीता रहेको थियो । सहकारीबारेमा जानकारी दिएर त्यहाँका बासिन्दालाई सहकारीप्रति आकर्षित गर्न तालिमको आयोजना गरिएको परियोजनाले जनाएको छ । सहकारी किन ? त्यसको स्थापना, दीगो सञ्चालन लगाएतका बिषयमाथी छलफल भएको थियो । कार्यक्रमको सहजिकरण जिल्ला सहकारी संघका सचिव डुफकुमार बास्तोलाले गरेका थिए ।

सोलु एफएमका लागि अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित सोलु समाचार साप्ताहिक फोन/फ्याक्स ०३८ ५२०२८१ email : soluweekly@gmail.com/solufm@gmail.com